# सूचना सूचना सूचना

## श्री सैनिक हवाई महानिर्देशनालय, गौचर

## कम्पनी सूचीकृतको लागि म्याद थप गरि संशोधन गरिएको सूचना

### (राष्ट्रिय दैनिक गोरखापत्रमा दोश्रो पटक प्रकाशित भएको मिति २०७२/०४/११ गते)

१. आ.व.०७२/०७३ को निमित्त यस सैनिक हवाई महानिर्देशनालय र अन्तर्गत मध्य एयर वेश, भी.भी.आई.पी.उडान सेवा, मर्मत तथा संभार सेवा, हवाई तालिम केन्द्र र पश्चिम एयर वेशको लागि हवाई साधनसंग सम्बन्धित विभिन्न सामान/सेवाहरुको आपूर्ति गर्ने कार्यको लागि प्रथम पटक प्रकाशित मिति २०७२/०३/२८ गतेको गोरखापत्रमा मिति २०७२/०४/१२ गतेसम्मको लागि आबेदन दर्ता माग गरिएकोमा बिशेष कारणवश बिभिन्न सामाग्री तथा सेवाहरुको सूचीदर्ता समूहहरुमा केहि थप गर्नु पर्ने भएकोले मिति २०७२/०४/१३ गतेबाट दिन ७ (सात) म्याद थप गरिएको हुंदा तपसिलमा उल्लेखित सामान तथा सेवाहरु आपूर्ति व्यवस्था गर्ने प्रयोजनको लागि सम्वन्धीत विषयको व्यापार, व्यवसाय वा कारोवार गर्न स्वीकृत प्राप्त गरेका ईच्छुक बिक्रेता/कम्पनी/सप्लायर्स/फर्महरुको सुची दर्ता गराउनु पर्ने भएकोले आफुले आपूर्ति/प्रवाह गर्ने सामान वा सेवाहरुको बिवरण सहित आ-आफनो कम्पनी/सप्लायर्स/फर्म सुचिकृत गराउनको लागि रु.१० को टिकट टांसी सिलवन्दी आवेदन वुझाउनु हुन दोश्रो पटक यो सूचना प्रकाशित गरीएको छ ।

२. सुचिकरणको आवेदन २०७२/०४/१९ गतेको कार्यालय समय भित्र यस सैनिक हवाई महानिर्देशनालयबाट बितरण गरिएको फाराम भरी आवश्यक कागजाद सहित यस महानिर्देशनालयमा आवेदन दर्ता गराउनु पर्नेछ । आवेदन वुझाउने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा विदा समाप्त भएको भोलीपल्ट कार्यालय खुलेको दिन निर्धारित समयमा आवेदन वुझाउन सकिनेछ । म्याद नाघी आएको वा रीत नपुगेको निवेदन उपर कारवाही गरिने छैन ।

३. सूचीदर्ता गर्नु पर्ने समुहहरु :

(क) समुह "क" हवाई रंग रोगन सम्वन्धी सामानहरु ।
(ख) समुह "ख" कुरियर सेवा, कार्गो सेवा, (राष्ट्रिय तथा अन्तराष्ट्रिय), हवाई पार्टसहरु/बिभिन्न कागजात ढुवानी सम्वन्धी कार्यहरु ।
(ग) समुह "ग" परामर्श सेवा ।
(घ) समुह "घ" टो ट्याक्टर, फोर्क लिफ्ट र ग्राउण्ड पावर युनिट, जेनरेटर, क्रेन र अन्य मेशिनरी साधनहरु खरिद तथा मर्मत ।
(ङ) समुह "ङ" ओभरहल पोशाक, फ्लाईङ्ग वुठ (पाइलट/प्राविधिकहरुले प्रयोग गर्ने) र सिलाई वुनाई ।
(च) समुह "च" हवाई साधन/ग्राउण्ड इक्यूपमेन्टहरुको लागि लुब्रिकेण्टहरु ।
(छ) समुह "छ" हवाई साधनहरुको लागि आवश्यक पर्ने सम्पूर्ण प्रकारका ग्यासहरु ।
(ज) समुह "ज" क्याटरिङ्ग सेवा ।
(झ) समुह "झ" कार्यालय मालसामानहरुको सप्लाई
  (१) मसलन्द तथा स्टेशनरी सामानहरु र छपाई सम्वन्धी कार्य ।
  (२) पत्रपत्रिका, पुस्तक तथा विभिन्न नक्शाहरु (नेपालको ७५ जिल्लाको) ।
(ञ) समुह "ञ" रंग रोगन सम्वन्धी सामानहरु ।
(ट) समुह "ट" विद्युतीकरण,विद्युत सामाग्री तथा सोसंग सम्वन्धीत बिबिध उपकरणहरुको सप्लाई ।
(ठ) समुह "ठ" विजुली बत्तिहरु र आवश्यक विजुलीका उपकरणहरुको मर्मत संभार कार्य ।
(ड) समुह "ड" पीउने पानी (मिनरल वाटर र जारको पानी) तथा सो संग सम्वन्धीत आवश्यक उपकरणहरु ।
(ढ) समुह "ढ" सर सफाई तथा हवाई साधनसंग सम्वन्धीत कमर्सियल सामानहरु सप्लाई । (भि.भि.आई.पि.उडान सेवामा भएका हवाई साधनहरुको हकमा नेपाल नागरीक उड्येन प्राधिकरणबाट डिष्ट्रीब्युटर अथराईजेसन प्राप्त भएको फर्म वा कम्पनी हुनु पर्ने) ।
(ण) समुह "ण" क्याटरिङ्ग संग सम्वन्धीत सामानहरु सप्लाई र कार्यहरु ।
(त) समुह "त" मेटल तथा काठका फर्निचरहरु तथा फिक्चर सप्लाई र सोको मर्मत संभार ।

(थ) समुह "थ" डेस्कटप कम्प्युटर, ल्यापटप, मनिटर, प्रिन्टर, यु.पि.एस., सर्भर, राउटर स्वीच, मोडियम, हव, नेटवर्क केवल, ज्याक, एसेसरीज कन्ट्रोल, हार्डडिक्स, मदर वोर्ड उपरकणहरुको आपुर्ति

(द) समुह "द" माथि समूह "झ" मा उल्लेखित ईलोक्ट्रोनिक उपकरणहरुको मर्मत संभार र सफ्ट वेयर निर्माण सम्बन्धि कार्य ।

(ध) समुह "ध" आल्मुनियम पार्टेशन, भवन, शौचालय निर्माण, मान होल तथा मर्मत सम्वन्धी सम्पुर्ण कार्यहरु ।

(न) समुह "न" आल्मुनियम, भवन, शौचालय निर्माण सामाग्रीहरु र हार्डवेयरको आपुर्ति ।

(प) समुह "प" सवारी साधनसंग सम्बन्धित आवश्यक पार्टपुर्जा तथा टायर ट्युब र लुब्रिकेन्टको सप्लाई ।

(फ) समुह "फ" सवारी साधन मर्मत तथा संभार (२, ४, र ६ पाङग्रे)

(ब) समुह "ब" सवारी साधनको रंगरोगन सम्बन्धी सामानहरुको सप्लाई तथा रंगरोगन ।

४. <u>सुचि दर्ताको लागि निवेदन साथ पेश गर्नुपर्ने कागजादहरु</u>

(१) फर्म, वा कम्पनी दर्ताको प्रतिलिपी नविकरण सहित, नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी ।

(२) उधोग बिभाग वा कम्पनी रजीष्टारको कार्यालयबाट प्रदान गरीएको ब्यावसाय ईजाजत पत्रको प्रतिलिपी

(३) आ.व.२०७०/०७१ सम्मको कर चुक्ता वा दाखिला प्रमाण ।

(४) स्थायी लेखा नम्वर (PAN) वा मुल्य अभिवृद्विकर (VAT) दर्ता प्रमाणपत्र पत्रको प्रतिलिपी ।

(५) कम्पनी भए प्रवन्धपत्र र नियमावलीको प्रतिलिपी ।

(६) कार्यदक्षताको अनुभव सम्वन्धी प्रमाणपत्रको प्रतिलिपी ।

(७) विक्रि गर्ने प्रमुख वस्तु वा सेवाहरुको विवरण ।

(८) खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, खरिद कारवाहीमा आफनो स्वार्थ नवाझिएको, सम्वन्धीत व्यवशायमा खरिद सम्वन्धी कसुर नपाएको लिखित घोषणा पत्र ।

(९) परामर्शसेवाको हकमा एभीएशन क्षेत्रमा परामर्श सेवा प्रदान गरेको अनुभवको प्रमाण पत्रको प्रतिलिपी पेश गर्नुपर्नेछ ।

(१०) विदेशी कार्गोको हकमा विदेशी विनियम इजाजतपत्र, भन्सार विभागको भन्सार एजेण्टको इजाजत पत्र, कम्तीमा ३ वटा अन्तराष्ट्रिय विमान कम्पनीहरुवाट कार्गो एजेण्टको पत्र, नेपाल फ्रेट फरवार्ड एशोसियशनमा आवद्व भएको पत्र, विदेशी कार्गो पठाएको अनुभव पत्रको प्रतिलिपी पेश गर्नुपर्नेछ ।

(११) सेवा/सामान सप्लायर्स गर्ने व्यक्ति, फर्म, कम्पनी वा संस्थाको अध्यावधिक विवरण पेश गर्नु पर्नेछ ।

(१२) लुब्रिकेन्टको हकमा नेपाल नागरिक उड्यन प्राधिकरणवाट इजाजत पत्र प्राप्त गरेको हुनु पर्नेछ ।

५. <u>सुचिकृत हुने सम्वन्धमा थप जानकारीहरु</u>

(१) सुचिकृतको लागि आबेदन फर्म यस महानिर्देशनालयवाट उपलब्ध हुनेछ ।

(२) सुचिकृत हुन निवेदन पेश गर्नेहरु मध्येवाट ग्राहृय ठहरीएका विक्रेता/सप्लायर्स/फर्महरुलाई मात्र सुचिकृत गरिनेछ ।

(३) सुचिकृत हुनको लागि यस महानिर्देशनालयवाट वितरण गरिएको आवेदन फर्म साथ अनुभव लगायतका माथि उल्लेखित कागजादहरु तथा विवरणहरु आफैंले प्रमाणित गरी प्रतिलिपी पेश गर्नुपर्नेछ । निवेदनमा समुह र सो समुह अन्तगतको सबै वा कुन कुन सामानहरु आपुर्ति र मर्मत कार्य गर्ने हो स्पष्ट खुलाउनु पर्नेछ ।

(४) सुचिकृतमा पर्ने फर्महरुलाई सुचिकृत भएको जानकारी यस महानिर्देशनालयको सुचना पाटीमा सुचना टांस गरिनेछ ।

(५) सुचिकृत भएका कम्पनी वा फर्महरुको सन्तोषजनक सेवा तथा समयमा सामान सप्लाई नगरेको खण्डमा सुचिवाट विना सुचना नाम हटाउन सकीनेछ । यस उपर कुनै दावी गर्न पाईने छैन ।

(६) माथिका बुदाहरुमा जो सुकै कुरा उल्लेख भएतापनि कुनै फर्म बिक्रेतालाई सुचिकृत गर्ने वा नगर्ने सम्वन्धी सम्पुर्ण अधिकार यस महानिर्देशनालयमा निहित रहनेछ ।

(७) यस सम्वन्धी थप जानकारी आवश्यक परेमा यस महानिर्देशनालयको लेखा शाखाको फोन नं ०१-४४६९४६४/४११३००९ मा सम्पर्क गरी जानकारी प्राप्त गर्नुको साथै यो सुचना नेपाली सेनाको वेभसाईट <u>www.nepalarmy.mil.np</u> र सार्वजनिक खरिद अनुगमनको कार्यालयको वेभ साईट <u>www.ppmo.gov.np</u> मा उपलब्ध छ ।